नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

*(राष्ट्रिय बीउ बिजन समितिको ७५औं बैठकको निर्णय नं ५.१ सँग सम्बन्धित)*

# वर्णशङ्कर बीउ उत्पादन तथा प्रमाणीकरण मापदण्ड, २०८२

*स्वीकृत मिति : २०८२/१२/२८*

**प्रस्तावना:** वर्णशङ्कर जातहरु र तिनीहरुका पैत्रिक लाइनहरुको विकास, सम्बर्द्धन र प्रमाणीकरण कार्यमा सरकारी र निजी क्षेत्र समेतको संलग्नता सुनिश्चित गराई वर्णशङ्कर बीउ उत्पादन, प्रशोधन, सङ्कलन तथा वितरण कार्यलाई एकरूपता प्रदान गर्न तथा व्यवस्थित गराउन आवश्यक भएकोले बीउ बिजन ऐन २०४५ को दफा ५ को उपदफा ५.२ को कार्यान्वयन तथा दफा ८ को उपदफा ८.१ को खण्ड ८.१.२ को प्रयोजनका लागि ऐनको दफा ५ को उपदफा ५.४ र उपदफा ५.७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो मापदण्डको नाम **"वर्णशङ्कर बीउ उत्पादन तथा प्रमाणीकरण मापदण्ड, २०८२"** रहेको छ।

(२) यो मापदण्ड राष्ट्रिय बीउ बिजन समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) 'ऐन' भन्नाले बीउ बिजन ऐन, २०४५ लाई सम्झनुपर्छ ।

(ख) 'ए लाइन' भन्नाले द्रब्यकोष भाले नपुंसक भएको पोथी लाइन भन्ने सम्झनु पर्छ, वर्णशङ्कर बीउ उत्पादन गर्न यसको प्रयोग गरिने छ ।

(ग) 'केन्द्र' भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई बुझ्नुपर्छ।

(घ) 'डबल क्रस' भन्नाले दुई वटा सिङ्गल क्रसलाई नियन्त्रित रूपमा समागम गराई निस्केको पुस्तालाई बुझ्नुपर्छ।

(ङ) 'द्रव्यकोष भाले नपुंसक जात' भन्नाले द्रव्यकोषबाट भाले अङ्ग नपुंसक बनाई विकास गरिएको माउ जात, जसलाई पोथी माउ बोटको रूपमा प्रयोग गर्नुपर्छ।

(च) 'धान चमरा हटाउने' भन्नाले मकैमा परागकण निस्कनुअघि पोथी बोटहरूबाट धान चमरा (भाले अङ्ग) हटाउने कार्य बुझ्नुपर्छ।

(छ) 'पैत्रिक लाइन' भन्नाले वर्णशङ्कर जात विकास गर्न छनौट विधिद्वारा तयार पारिएको इनब्रिड वा प्रजनन् स्तरको बीउ भन्ने बुझ्नुपर्छ ।

केनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(ज) 'बाली निरीक्षण' भन्नाले बीउ बिजन ऐनको दफा १६.१ तथा नियमावलीको नियम २८ बमोजिमका निरीक्षकले आधिकारिक रूपमा बीउको गुणस्तर नियन्त्रण गर्ने उद्धेश्यका साथ गरिएको खडा बाली निरीक्षण भन्ने बुझ्नुपर्छ।

(झ) 'बि लाइन' भन्नाले ए लाइनको भगिनी (सिस्टर) लाइन भन्ने बुझिन्छ। यो लाइन ए लाइनको संरक्षण गर्नको लागि प्रयोग गरिन्छ। बि लाइन आफैंमा सेचित हुनसक्ने स्वभावको हुनाले यसलाई स्वयं सेचित प्रजनन विधिद्वारा उत्पादन गरिने छ ।

(ञ) 'बीउ बिजन प्रमाणीकरण निकाय' भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ८ को उपदफा ८.२ तथा बीउ बिजन नियमावली, २०८१ को नियम १३ को उपनियम (२) बमोजिम प्रमाणीकरणका लागि केन्द्रले समन्वय र सहकार्य गर्ने निकाय सम्झनुपर्छ ।

(ट) 'बोर्डर रो' भन्नाले हाइब्रिड बीउ उत्पादनमा अनावश्यक बाहिरी परसेचनको जोखिमलाई न्यूनीकरण गर्नका लागि वरिपरि चारैतिर लगाइएको भाले पैत्रिक लाइनको न्यूनतम तीन हारहरूलाई बुझिन्छ। बाहिरी घेरामा लगाइएको हार भित्री हारहरूभन्दा बाक्लो रोप्नुपर्छ।

(ठ) 'नियमावली' भन्नाले बीउ बिजन नियमावली २०८१ भन्ने बुझ्नुपर्छ ।

(ड) 'आर लाइन' भन्नाले भाले नपुंसक लाइनमा प्रजनन् क्षमता पुनः स्थापित गराउने र वर्णशङ्कर बीउ उत्पादनमा परागकण दिन भालेको रूपमा प्रयोग भएको लाइनलाई बुझ्नुपर्छ।

(ढ) 'वर्णशङ्कर बीउ' भन्नाले दुई पैत्रिक लाइनहरू बीच समागम गराई तयार पारिएको पहिलो पुस्ताको बीउलाई भन्ने बुझ्नु पर्छ। वर्णशङ्कर बीउ उत्पादन बाहेक अन्य प्रयोजनका लागि खेती गरिने बाली हो । यो सिङ्गल क्रस, थ्रि वे क्रस, डबल क्रस, वा टप क्रस हुनसक्छ ।

(ण) 'सङ्केतपत्र' भन्नाले विशेष तरिकाले अनुसूची -६ को ढाँचामा तयार गरिएको सङ्केतपत्र भन्ने बुझ्नुपर्छ।

(त) 'समिति' भन्नाले राष्ट्रिय बीउ बिजन समितिलाई बुझ्नुपर्छ।

(थ) 'सिङ्गल क्रस' भन्नाले दुई इनब्रिडहरूबाट समागम गराई विकास गरिएको पहिलो पुस्तालाई बुझ्नु पर्छ।

(द) 'थ्रि वे क्रस' भन्नाले एक सिङ्गल क्रसलाई कुनै एक इनब्रिडसँग समागम गराई विकास गरिएको पहिलो पुस्तालाई बुझ्नुपर्छ।

(ध) 'टप क्रस' भन्नाले एक सिङ्गल क्रसलाई कुनै एक खुला सेचित जातसँग समागम गराई विकास गरिएका पहिलो पुस्तालाई बुझ्नुपर्छ ।

## परिच्छेद -२
## वर्णशङ्कर बीउको जातीय विकास तथा सम्बर्द्धन

**३. वर्णशङ्कर जात तथा तिनका पैत्रिक लाइन सूचित तथा पञ्जिकृत हुनु पर्ने** : (१) ऐनको दफा ११ तथा नियमावलीको नियम ९ र १० बमोजिम सूचित वा पञ्जिकृत भएका वर्णशङ्कर जातको बीउ बिजन प्रमाणीकरणका लागि यो मापदण्ड लागू हुनेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(२) नेपालमा सूचित वा पञ्जीकृत वर्णशङ्कर जात तथा तिनको पैत्रिक लाइनको जात पहिचान गर्ने मुख्य आधार तथा विशिष्टता (Distinctness), एकरूपता (Uniformity) तथा स्थायित्व (Stability) सम्बन्धी गुणहरू अनुसन्धान गर्ने निकायले केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) केन्द्रले नेपालमा सूचित वा पञ्जिकृत वर्णशङ्कर जात तथा तिनको पैत्रिक लाइनको जात पहिचान गर्ने मुख्य आधार तथा विशिष्टता (Distinctness), एकरूपता (Uniformity) तथा स्थायित्व (Stability) सम्बन्धी गुणहरू यकिन गर्नका लागि आवश्यक परीक्षण गर्न सक्नेछ ।

**४. वर्णशङ्कर बीउ उत्पादन गर्न सक्ने** : निजी क्षेत्रमा वर्णशङ्कर जात उत्पादन गर्न ऐनको दफा १५ ग. तथा नियमावलीको नियम २१ को उपनियम (४) को खण्ड (ख) बमोजिम वर्णशङ्कर बीउ उत्पादन अनुमति पत्र लिएको हुनुपर्छ तथा तिनको मूल वा स्रोत (पैत्रिक लाइन मूल वा स्रोत) बीउ उत्पादन गर्न ऐनको दफा १५ ख. तथा नियमावलीको नियम २१ को उपनियम (४) को खण्ड (क) बमोजिम मूल वा स्रोत बीउ उत्पादन अनुमति र प्रजनन् (पैत्रिक लाइन - प्रजनन्) बीउको उत्पादन गर्न ऐनको दफा १५घ. तथा नियमावलीको नियम २१ को उपनियम (४) को (ग) बमोजिम जातीय विकास तथा सम्बर्द्धनको अनुमति पत्र लिएको हुनुपर्नेछ।

**५.वासलात निर्माण** : (१) ऐनको दफा ११ र नियमावलीको नियम ९ र १० बमोजिम सूचित वा पञ्जीकृत बालीको वर्णशङ्कर जातको प्रजनन्, मूल वा स्रोत र वर्णशङ्कर बीउको उत्पादनलाई सुव्यवस्थित गरी गुणस्तरीय वर्णशङ्कर बीउ उत्पादन सुनिश्चित गर्न केन्द्रले नियमावलीको नियम २२ बमोजिम वासलात निर्माण गर्नेछ ।

(२) केन्द्रले यस मापदण्डको दफा ८ को उपदफा (२) बमोजिम उत्पादित मूल तथा स्रोत (पैत्रिक लाइन मूल तथा स्रोत) बीउ समेतको वासलात निर्माण गर्न सक्नेछ ।

(३) ऐनको दफा १५ग. तथा नियमावलीको नियम २१ को उपनियम ४ को खण्ड (ख) बमोजिम वर्णशङ्कर बीउ उत्पादन अनुमति पत्र लिएका संस्थाले उत्पादन गर्न चाहेको तथा उत्पादन गरेको बाली, जात, स्तर, परिमाण तथा प्रयोजन खुलाई अनुसूची-१ अनुसारको ढाँचामा केन्द्र समक्ष बीउको माग तथा अनुसूची-२ अनुसार आपूर्ति संप्रेषण गर्नुपर्नेछ ।

(४) केन्द्रले बीउ बिजनको माग तथा आपूर्ति अवस्थाको विश्लेषण गरी अनुसूची - ३ बमोजिमको प्रजनन् (पैत्रिक लाइन- प्रजनन्) तथा मूल (पैत्रिक लाइन- मूल) तथा स्रोत (पैत्रिक लाइन- स्रोत) बीउको वासलात निर्माण गर्नुपर्नेछ ।

(५) केन्द्रले यस प्रयोजनका लागि विद्युतीय प्रणाली विकास गरी लागू गर्न सक्नेछ ।

(६) बीउ बिजन माग गर्ने निकाय र आपूर्तिकर्ता बीच ऐन तथा नियमावलीको अधिनमा रहि अनुसूची-४ बमोजिम करारनामा गरिनेछ । करारका अन्य शर्तनामाहरू आपसी समझदारीमा तय गर्न सकिनेछ।

वेनु प्रसाद प्रसाई
सदस्य सचिव
बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

**६. स्वामित्वको अधिकारः** अनुसन्धान गर्ने निकायले विकास गरेका वर्णशङ्कर जातहरु तथा तिनका पैत्रिक लाइनहरुको स्वामित्वको अधिकार लिन चाहेमा नियमावलीको नियम ११ को प्रक्रिया अपनाई स्वामित्वको अधिकार प्राप्त गर्न सक्नेछन्।

**७. पैत्रिक लाइनहरुको गोपनियता तथा सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) वर्णशङ्कर जातका पैत्रिक लाइनहरुको गोपनियता कायम गर्ने जिम्मेवारी जात विकास गर्ने निकाय तथा जात विकास गर्ने निकाय/प्रजनकको अनुमतिमा पैत्रिक लाइनको उपयोग गर्ने निकाय वा संस्थाको हुनेछ।

(२) बीउ उत्पादकले जात विकास गर्ने निकायको विशेष अनुमति बिना पैत्रिक लाइनहरुको बीउ कुनै पनि व्यक्ति, निकाय तथा संस्थालाई निकासी, हस्तान्तरण वा साटासाट र बिक्री वितरण एवम् कुनै पनि किसिमको सूचना, जानकारी वा प्रतिवेदन सावर्जनिक गर्न पाईने छैन ।

(३) यस मापदण्ड बमोजिमका कार्य गर्ने सिलसिलामा कुनै बीउ उत्पादकले प्रचिलित ऐन नियमका प्रावधानहरु विपरीतको कार्य गरेमा ऐन र नियमानुसारको कारवाही हुनेछ।

## परिच्छेद - ३
## बीउका स्तरहरू

**८. बीउ प्रमाणीकरण पद्धतिः** वर्णशङ्कर बीउ उत्पादन तथा प्रमाणीकरण पद्धतिमा बीउ बिजनका देहाय बमोजिम तीन वटा स्तर हुनेछन् ।

(१) प्रजनन् (पैत्रिक लाइन- प्रजनन्) बीउ
(२) मुल (पैत्रिक लाइन- मूल) बीउ
(३) उन्नत (वर्णशङ्कर ($F_1$)) बीउ

**(१) प्रजनन् (पैत्रिक लाइन- प्रजनन्) बीउ**

(क) अनुसन्धान गर्ने निकायको बाली प्रजनकको प्रत्यक्ष रेखदेखमा पैत्रिक लाइन प्रजनन् बीउको बीउ उत्पादन कार्य गरिनेछ ।

(ख) बीउ उत्पादन र प्रशोधन भई सकेपछि बीउ उत्पादनमा संलग्न प्रजनक, सम्बन्धित अनुसन्धान गर्ने निकायको प्रमुख वा निजले खटाएको प्रतिनिधि र बीउ प्रमाणीकरण निकायका प्रतिनिधि सम्मिलित समूहले बीउ बिजन प्रमाणीकरण मापदण्ड २०८२ को दफा ४ उपदफा (३) खण्ड (क) को उपखण्ड (इ) तथा दफा ५ को उपदफा (९) खण्ड (क) को उपखण्ड (इ) सँग सम्बन्धित अनुसूची-१ अनुसार उल्लिखित फारममा संयुक्त रुपमा प्रमाणित गर्नुपर्नेछ ।

(ग) प्रमाणित गरिएको बीउ राखिएको भाँडोमा बीउ उत्पादनमा संलग्न प्रजनकको हस्ताक्षर सहितको अनुसूची-६ मा दिईएको प्रजनन बीउको टयाग लगाउनुपर्नेछ।

प्रसाद प्रसाई
सदस्य सचिव
बिजन समिति

राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(घ) प्रमाणीकरण पद्धति र यथार्थ संकेतपत्र पद्धति दुबैमा यो स्तरको बीउलाई पछिल्ला पुस्ताहरुको स्रोत बीउ मानिन्छ। यसैलाई पैत्रिक लाइन मूल बीउ वा पैत्रिक लाइन स्रोत बीउ र वर्णशङ्कर ($F_1$) बीउको स्रोतको रुपमा प्रयोग गरिनेछ ।

(२) मूल (पैत्रिक लाइन- मूल) बीउः

(क) बीउ बिजन प्रमाणीकरण निकायमा कार्यरत वा सो निकायले तोकेको नियमावलीको नियम २८ को उपनियम (१) बमोजिम बीउ बिजन निरीक्षकको रेखदेखमा प्रजनन् (पैत्रिक लाइन प्रजनन्) बीउबाट उत्पादन गरिएको बीउलाई मूल बीउ भनिन्छ।

(ख) मूल (पैत्रिक लाइन-मूल) बीउको उत्पादन नेपाल कृषि अनुसन्धान परिषद् र अन्तरगतका केन्द्रहरू, सरकारी फार्म, केन्द्र, एवम् ऐन र नियमावली बमोजिम मूल वा स्रोत बीउ उत्पादन तथा वर्णशङ्कर बीउ उत्पादन गर्ने अनुमति लिएका निजी स्तरका संस्था वा निकायले गर्ने छन् ।

(ग) प्रमाणीकरण निकायले मूल (पैत्रिक लाइन-मूल) बीउ राखिएको भाँडोमा बीउ प्रमाणीकरण गरी अनुसूची -६ मा उल्लेख भए अनुसारको मूल बीउको ट्याग लगाउनु पर्छ।

(घ) मूल (पैत्रिक लाइन-मूल) बीउको खेत स्तर तथा बीउ स्तरको मापदण्ड अनुसूची -७ मा तोके बमोजिम हुनेछ ।

(ङ) मूल (पैत्रिक लाइन-मूल) बीउलाई वर्णशङ्कर ($F_1$) बीउको स्रोत बीउको रुपमा प्रयोग गरिनेछ ।

(३) उन्नत (वर्णशङ्कर ($F_1$) ) बीउ

(क) दुई अलग प्रजनन् (पैत्रिक लाइन- प्रजनन्) बीउ वा मूल (पैत्रिक लाइन-मूल) बीउ विच क्रस गराई बीउ उत्पादक र नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमको बीउ बिजन निरीक्षकको रेखदेख र नियन्त्रणमा उत्पादन गरिएको बीउलाई उन्नत (वर्णशङ्कर ($F_1$)) बीउ भनिन्छ।

(ख) उत्पादन गरिएको वर्णशङ्कर बीउमा अनुसूची - ६ मा उल्लेख भए अनुसारको वर्णशङ्कर बीउको ट्याग लगाई बिक्रि वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) उन्नत (वर्णशङ्कर ($F_1$)) बीउको खेत स्तर तथा बीउ स्तरको मापदण्ड अनुसूची - ७ मा तोके बमोजिम हुनेछ।

९. **यथार्थ संकेतपत्र पद्धतिः** संकेतपत्र पद्धतिमा बीउ बिजनका तीन वटा स्तरहरु देहाय बमोजिम हुनेछन् ।

(१) प्रजनन् (पैत्रिक लाइन- प्रजनन्) बीउ

(२) स्रोत (पैत्रिक लाइन- स्रोत) बीउ

...न प्रसाद प्रसाई
...स्य सचिव
...बिजन समिति
सचिव
...राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
...बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(३) उन्नत (वर्णशङ्कर ($F_1$)) बीउ

(१) **प्रजनन् (पैत्रिक लाइन- प्रजनन्) बीउः** यस मापदण्डको दफा ८ को उपदफा (१) मा उल्लेख भए अनुसार हुनेछ।

**(२) स्रोत (पैत्रिक लाइन स्रोत) बीउ**

(क) ऐनको दफा १६ र नियमावलीको नियम २८ बमोजिमका निरीक्षकको रेखदेखमा दफा ८ को उपदफा (१) बमोजिमको प्रजनन् (पैत्रिक लाइन- प्रजनन्) बीउबाट उत्पादन गरिएको बीउलाई स्रोत बीउ भनिन्छ।

(ख) स्रोत (पैत्रिक लाइन -स्रोत) बीउको उत्पादन नेपाल कृषि अनुसन्धान परिषद् र अन्तर्गतका केन्द्रहरू, सरकारी फार्म, केन्द्र, एवम् ऐन र नियमावली बमोजिम मूल वा स्रोत बीउ उत्पादन अनुमति लिएका निजी स्तरका संस्था वा निकायले गर्ने छन् ।

(ग) ऐनको दफा १६ र नियमावलीको नियम २८ बमोजिमका निरीक्षकहरूको रेखदेखमा स्रोत (पैत्रिक लाइन -स्रोत) बीउको उत्पादन गरी बीउ बिजन निरीक्षक वा कृषि प्राविधिकको दस्तखतमा अनुसूची - ६ मा उल्लेख भए अनुसारको स्रोत (पैत्रिक लाइन -स्रोत) बीउको ट्याग लगाउनु पर्छ।

(घ) स्रोत (पैत्रिक लाइन -स्रोत) बीउको खेत स्तरको मापदण्ड तथा बीउ स्तरको मापदण्ड पैत्रिक लाइन मूल बीउ सरहको हुनेछ ।

**(३) उन्नत (वर्णशङ्कर ($F_1$)) बीउ**

(क) दुई अलग प्रजनन् (पैत्रिक लाइन- प्रजनन् बीउ) वा स्रोत (पैत्रिक लाइन- स्रोत) बीउ विच क्रस गराई बीउ उत्पादक र ऐनको दफा १६ र नियमावलीको नियम २८ बमोजिमको निरीक्षकको रेखदेख र नियन्त्रणमा उत्पादन गरिएको बीउलाई वर्णशङ्कर ($F_1$) भनिन्छ।

(ख) उत्पादन गरिएको वर्णशैकर बीउमा अनुसूची - ६ मा उल्लेख भए अनुसारको वर्णशङ्कर बीउको ट्याग लगाई बिक्रि वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) उन्नत (वर्णशङ्कर ($F_1$)) बीउको खेत स्तर तथा बीउ स्तरको मापदण्ड दफा ८ को उपदफा (३) बमोजिम उत्पादित बीउ सरहको हुनेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## परिच्छेद -४

## बीउ बिजन प्रमाणीकरण प्रक्रिया

**१०. बीउ बिजन लगाउने न्यूनतम क्षेत्रफलः** (१) बीउ बिजन निरीक्षणका लागि बीउ लगाउने क्षेत्रफलको न्यूनतम क्षेत्रफलको सीमा देहाय बमोजिम हुनेछ।

| बाली | न्यूनतम क्षेत्रफल | |
|---|---|---|
| | तराई | पहाड |
| अन्न बाली | १ हेक्टर (१.५ बिघा) | ०.५ हेक्टर (१० रोपनी) |
| तरकारी बाली | ०.२ हेक्टर (६ कठ्ठा) | ०.१ हेक्टर (२ रोपनी) |

(२) मापदण्डको दफा (५) बमोजिम केन्द्रबाट तयार हुने वासलात मार्फत् माग अनुसारको प्रजनन्, मूल वा स्रोत बीउ उपलब्ध नभएको अवस्थामा उपदफा (१) बमोजिमको व्यवस्था बाध्यकारी हुने छैन ।

(३) बीउ उत्पादन गर्दा उपदफा (१) बमोजिमको न्यूनतम क्षेत्रफल एक वा एक भन्दा बढी उत्पादकको चक्ला पनि हुन सक्छ, तर एकै किसिमको जमिनमा एकै जातको एकै स्तरको बीउ एकै समयमा लगाएको हुनु पर्नेछ।

(४) एकै स्थानको विभिन्न प्लटमा बीउ लगाइएको छ भने दुई वटा प्लट बीचको दूरी ५० मिटरभन्दा बढी हुनु हुँदैन ।

**११. निवेदन दिनु पर्नेः** (१) प्रमाणीकरण पद्धति अनुसार बीउ प्रमाणीकरण गर्न चाहने संस्था वा निकायले प्रमाणीकरण निकाय समक्ष र यथार्थ संकेतपत्र पद्धति अनुसार बीउ प्रमाणीकरण गर्न चाहने संस्था वा निकायले ऐनको दफा १६ तथा नियमावलीको नियम २८ बमोजिमको निरीक्षक समक्ष तोकिएको राजश्व तिरेको भौचर सहित **अनुसूची** - ८ अनुसारको पूर्व जानकारी फारम पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भइसकेपछि प्रमाणीकरण पद्धतिको हकमा बीउ प्रमाणीकरण निकाय र यथार्थ संकेतपत्र पद्धतिको हकमा ऐनको दफा १६ तथा नियमावलीको नियम २८ बमोजिमको निरीक्षकले प्राप्त निवेदनको वास्तविकता पत्ता लगाई स्वीकृत वा अस्वीकृत गर्नु पर्छ र सो को जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्छ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भइसकेपछि बीउ प्रमाणीकरणका लागि प्रमाणीकरण पद्धतिमा बीउ प्रमाणीकरण गर्ने निकायले सो निकाय वा सरकारी सेवामा कार्यरत नियमावलीको नियम २८ को उपनियम (१) बमोजिम नियुक्त बीउ बिजन निरीक्षकलाई बीउ बाली खेत निरीक्षणका लागि खटाउने

प्रसाद प्रसाई
सचिव ... प्रसाद मिश्र

छ भने यथार्थसङ्केतपत्र पद्धतिमा नियमावलीको नियम २८ बमोजिमको निरीक्षकले समय सीमा निर्धारण गरी बीउ बाली खेत निरीक्षण सम्बन्धी कार्य गर्नेछन् ।

(४) उपदफा (३) बमोजिम कार्य गरेको अवस्थामा बीउ बाली खेत निरीक्षण गरेको १ हप्ता भित्र खेत निरीक्षण प्रतिवेदन प्रमाणीकरण पद्धतिमा बीउ प्रमाणीकरण गर्ने निकाय तथा सम्बन्धित बीउ उत्पादक समक्ष र यथार्थ संकेतपत्र अवलम्बन गरेको अवस्थामा सम्बन्धित उत्पादकलाई उपलब्ध गराउनु पर्नेछ ।

१२. **बीउको निस्सा राख्नु पर्नेः** बीउ प्रमाणीकरणको लागि दफा ६ बमोजिम निवेदन दिने बीउ उत्पादकले बीउ बालीको प्रथम खेत निरीक्षणको लागि आउने बीउ बिजन निरीक्षकलाई बीउ उत्पादन गर्न प्रयोग गरेको श्रोत बीउको स्तर यकिन गर्न आफूले प्रयोग गरेको श्रोत बीउको खरिद वील, बीउको थैला, थैलामा लगाइएको ट्याग जस्ता आवश्यक प्रमाण देखाउनुपर्छ।

१३. **बीउ बाली निरीक्षण तयारीः** प्रमाणीकरण निकाय वा निरीक्षकले पूर्व जानकारी फारम सहितको निवेदन स्वीकृत गरी बीउ बिजन प्रमाणीकरण निम्नानुसार तयारी गर्नु पर्छः—

(१) निरीक्षण गर्नुपर्ने स्थान र जग्गा यकीन गर्ने र बीउको निस्सा हेरी श्रोत बीउको स्तर र उपलब्ध गराउने निकाय पहिचान गर्नु पर्नेछ ।

(२) बीउ बाली खेत निरीक्षण गर्ने योजना तयार पारी निरीक्षण गर्ने समय तोक्ने वा निरीक्षणको लागि निरीक्षक तोक्नुपर्नेछ ।

(३) प्रमाणीकरण पद्धतिमा प्रमाणीकरण निकायले सो निकाय वा सरकारी सेवामा कार्यरत नियमावलीको नियम २८ को उपनियम (१) बमोजिम नियुक्त निरीक्षक तथा तिनको कार्यलयलाई र यथार्थ संकेतपत्र पद्धतिमा नियमावलीको नियम २८ बमोजिमको निरीक्षकले सम्बन्धित उत्पादकलाई छिटो माध्यामद्वारा जानकारी दिनु पर्नेछ ।

१४. **बीउ बाली खेत निरीक्षण**

(१) निरीक्षकले वा बीउ प्रमाणीकरण गर्ने निकायले निवेदन स्वीकृत भइसकेपछि निरीक्षकबाट बीउ बिजन प्रमाणीकरण मापदण्डको अनुसूची - ६ मा उल्लिखित विधि अवलम्बन गरी खेत निरीक्षण गराउनुपर्छ।

(२) खेत निरीक्षण गर्दा बीउ प्रमाणीकरण वा गुणस्तर निर्धारणका लागि खेत निरीक्षण पटक, समय, पृथकता दूरी तथा खेत स्तरका मापदण्ड अनुसूची - ७ बमोजिम हुनेछ ।

(३) खेत निरीक्षणमा बीउ बालीको शुद्धता, बीउको स्वास्थ्य र बीउको गुणस्तरमा प्रभाव पार्ने अन्य तत्वहरूको मूल्याङ्कन गर्नुपर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(४) निरीक्षकले आवश्यकता अनुसार खेत निरीक्षण गरी खडा बालीको मूल्याङ्कन गर्ने र न्युनतम स्तरभित्र परेकोलाई खेतको स्तर भित्र परे नपरेको यकिन गरी सो अनुसार प्रतिवेदन दिनुपर्नेछ ।

(५) निरीक्षकले खेत निरीक्षण गरी प्रतिवेदन जारी गर्दा पैत्रिक लाइनको हकमा बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ को बाली अनुसार अनुसूची - ८, ९ तथा ११ को प्रयोग गर्नुपर्नेछ भने वर्णशङ्कर बीउ उत्पादनको हकमा प्रथम बीउ बाली खेत निरीक्षण गर्दा यस मापदण्डको अनुसूची - ९ बमोजिम, अन्तिम खेत निरीक्षण (धान, काक्रो तथा गोलभेडा) मा यस मापदण्डको अनुसूची - १० बमोजिम, मकै बालीको अन्तिम निरीक्षणमा यस मापदण्डको अनुसूची -११ बमोजिमका फारमहरू प्रयोग गर्नु पर्छ।

(६) बीउ बाली खेत निरीक्षणको क्रममा उपदफा (५) बमोजिम निरीक्षण फाराम भरी सोको एक प्रति बीउ उत्पादक वा निजको प्रतिनिधि, बीउ उत्पादन गराउने निकाय, र बीउ बिजन प्रमाणीकरण निकायमा पठाई एक प्रति निरीक्षक स्वयंले राख्नु पर्छ ।

(७) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रमाणीकरण पद्धतिमा बीउ बाली खेत निरीक्षण लगायत प्रमाणीकरण सम्बन्धी कार्य ऐनको दफा १६ को उपदफा १६.१ र नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमका सरकारी सेवामा कार्यरत निरीक्षकले र यथार्थसंकेत पत्र पद्धतिमा ऐनको दफा १६ तथा नियमावलीको नियम २८ बमोजिमका निरीक्षकले गर्नेछन् ।

(८) बीउ उत्पादकले यसै मापदण्को अनुसूची-११ बमोजिमको अवस्थाहरुमा बाली प्रजनकको सेवा लिनुपर्नेछ र बाली प्रजनकले दिएका सुझावहरुको अभिलेख अनिवार्य रूपमा राख्नुपर्नेछ।

**१५. बीउ बाली कटानी, चुटानी र ढुवानी:** बीउ बाली कटानी, चुटानी र ढुवानी बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ अनुसार हुनेछ ।

**१६. बीउ प्रशोधन र प्याकिङको लागि समय तालिका:** बीउ प्रशोधन र प्याकिङको लागि समय तालिका बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ अनुसार हुनेछ ।

**१७. बीउ लटको लागि तयारी:** बीउ लट निर्माण गर्दा बीउ बिजनको नमूना सङ्कलन मापदण्ड, २०८२ अनुसार हुनेछ।

**१८. बीउ नमूना सङ्कलन र परीक्षण :** (१) प्रमाणीकरण पद्धति तथा यथार्थ संकेत पत्र पद्धती दुवैमा हरेक लटबाट कम्तीमा दुई पटक बीउ बिजनको नमूना सङ्कलन गरी परीक्षणको लागि पठाउनुपर्छ।

(२) प्रशोधन स्थलमा ल्याई पुर्याइएको बीउलाई राम्रोसँग सुकाई चिस्यानको मात्रा घटाई सके पछि प्रारम्भिक सरसफाई (प्रिक्लिन) गरी प्रमाणीकरण पद्धतिमा बीउ प्रमाणीकरण निकायमा कार्यरत निरीक्षकले र यथार्थसङ्केतपत्र पद्धतिमा ऐनको दफा १६ बमोजिमको निरीक्षक वा कृषि प्राविधिकले बीउ बिजनको नमूना सङ्कलन मापदण्ड, २०८२ बमोजिम पहिलो नमूना लिई चिस्यान, भौतिक शुद्धता, र उमारशक्ति परीक्षण लागि प्रयोगशालामा पठाउनु पर्छ ।

(३) बीउ नमूना सङ्कलन गर्ने कार्य सम्बन्धी अन्य व्यवस्था बीउ बिजनको नमूना सङ्कलन मापदण्ड,

प्रसाद प्रसाई
सचिव
समिति

सचिव
राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

२०८२ बमोजिम हुनेछ ।

(४) प्रयोगशालामा नमूना प्राप्त भएपछि बीउ बिजनको नमूना सङ्कलन मापदण्ड, २०८२ तथा बीउ परीक्षण मापदण्ड, २०८२ बमोजिम नमूना दर्ता तथा तयारी एवम् बीउ परीक्षण गर्नु पर्नेछ ।

(५) बीउ परीक्षण सम्बन्धी अन्य कार्य बीउ परीक्षण मापदण्ड, २०८२ बमोजिम हुनेछ ।

(६) उपदफा (४) बमोजिम परीक्षण गर्दा बीउ बिजनको गुणस्तरको हद अनुसूची - ७ मा तोकिएको बीउ बिजनको स्तर भित्र पाइएमा सो बीउलाई प्रमाणीकरणका बाँकी कामहरू गर्ने गरी सुरक्षित भण्डारण गर्न लगाई स्तरभित्र नपरेको बीउ खायनमा पठाउन सिफारिस गर्नु पर्छ, ।

(७) उपदफा (४) बमोजिम परीक्षण गर्दा बीउ बिजनको गुणस्तरको हद अनुसूची - ७ मा तोकिएको बीउ बिजनको स्तरभित्र पर्न नसकेको बीउ पुनः प्रशोधन गर्दा स्तरभित्र पर्न सक्छ भन्ने निरीक्षकलाई लागेमा पुनः प्रशोधनको सिफारिस गर्नु पर्छ ।

(८) उपदफा (७) बमोजिम सिफारिस भएमा बीउ बिजन उत्पादनकर्ता वा निकायले बीउ पुनः प्रशोधन गरी प्रमाणीकरण पद्धतिको हकमा पुनः राजश्व बुझाई प्रमाणीकरण निकाय समक्ष निवदेन दिएमा र यथार्थ संकेतपत्र पद्धतिको हकमा सम्बन्धित निरीक्षक समक्ष अनुरोध गरेमा बीउ बिजनको नमूना सङ्कलन मापदण्ड, २०८२ बमोजिम निरीक्षकले नमूना लिने र नमूना परीक्षणको लागि प्रयोगशालामा पठाउने कार्य पुनः गर्नु पर्छ।

(९) उपदफा (८) बमोजिम पठाइएको बीउ नमूना उपदफा (४) बमोजिम परीक्षण गर्दा परीक्षणको नतिजा बीउ बिजनको गुणस्तरको हद अनुसूची - ७ मा तोकिएको बीउ बिजनको स्तरभित्र भएमा उपदफा (६) बमोजिम गर्नु पर्नेछ ।

(१०) उपदफा (६) तथा (९) बमोजिम सुरक्षित भण्डारण गरिएको बीउलाई बजार विक्रि वितरण गर्नु अघि सफा गर्ने, गेडिङ्ग गर्ने कार्य गर्न लगाई प्रमाणीकरण पद्धतिमा बीउ प्रमाणीकरण निकायमा कार्यरत निरीक्षकले तथा यथार्थसंकतेपत्र पद्धतिमा कृषि प्राविधिक वा बीउ बिजन निरीक्षकले बीउ बिजनको नमूना सङ्कलन मापदण्ड, २०८२ बमोजिम दोस्रो नमूना लिई चिस्यान, भौतिक शुद्धता, र उमारशक्ति परीक्षणको लागि प्रयोगशालामा पठाउनु पर्छ ।

(११) उपदफा (१०) बमोजिम पठाइएको बीउ बिजनको नमूना उपदफा (४) तथा (५) बमोजिम परीक्षण गर्दा बीउ बिजनको गुणस्तरको हद अनुसूची - ७ मा तोकिएको बीउ बिजनको स्तर भित्र भएमा सो बीउलाई बीउ उपचार, थैलाबन्दी तथा ट्यागिङ्गको चरणमा लग्नु पर्छ।

**१९. विषादीद्वारा बीउ उपचार गर्नु पर्ने:** विषादीद्धारा बीउ उपचार गर्ने विधि बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ बमोजिम गर्नुपर्नेछ ।

**२०. थैलाबन्दी, टयागिङ र सिलबन्दी गर्ने:** थैलाबन्दी, टयागिङ र सिलबन्दी गर्ने कार्य बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ अनुसार हुनुपर्नेछ ।

वेनु प्रसाद प्रसाई
सदस्य सचिव
बिजन समिति

सचिव
राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बीउ बिजन समिति

**२१. जातीय शुद्धताको बिश्लेषण:** जातीय शुद्धताको विश्लेषण गर्ने कार्य बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ मा व्यवस्था भएअनुसार हुनेछ।

**२२. प्रमाणीकरणबाट बीउ अस्वीकृत गर्न सकिने :** प्रमाणीकरणबाट बीउ अस्वीकृत गर्न सकिने व्यवस्था बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ अनुसार हुनेछ ।

**२३. बीउ बिजन प्रमाणीकरणको म्याद थप:** बीउ बिजन प्रमाणीकरणको म्याद थपसम्बन्धी व्यवस्था बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ अनुसार हुनेछ ।

**२४. बीउ भण्डार निरीक्षण:** बीउ भण्डार निरीक्षण प्रक्रिया बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ अनुसार हुनेछ।

**२५. सुरक्षित राख्नुपर्ने:** बीउ बिजन प्रमाणीकरण गर्ने निकायले प्रमाणीकरणसँग सम्बन्धित सम्पूर्ण कागजातहरू कम्तिमा दुई वर्ष तथा बीउको नमूनाको हकमा खाद्यान्न बालीमा ६ महिना र तरकारी बालीमा १ वर्षसम्म सुरक्षितसाथ राख्नुपर्नेछ।

## परिच्छेद -५

## विविध

**२६.अन्तर प्रदेश बीउ प्रमाणीकरण गर्न सकिने:** बीउ प्रमाणीकरण गर्ने निकायले कुनै एक प्रदेशमा न्यूनतम खेत स्तर भित्र रहेको बीउ बाली खेत निरीक्षण प्रतिवेदनका आधारमा अर्को प्रदेशले दफा १८, १९ तथा २० को प्रक्रिया अपनाई बीउ प्रमाणीकरण गर्न सक्नेछ।

**२७. अनुगमन तथा निरीक्षण:** समिति, उपसिमितहरू, मन्त्रालय, विभाग, केन्द्र तथा प्रदेश बीउ बिजन समिति, प्रदेश मन्त्रालय, मातहत निकाय तथा स्थानीय तहका निकायहरू समेत यस मापदण्ड लागू गर्न, गराउन तथा यस सम्बन्धी क्रियाकलापहरूको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

**२८. खारेजी र संशोधन:** (१) वर्णशङ्कर बीउ उत्पादन तथा प्रमाणीकरण मापदण्ड, २०७७ खारेज गरिएको छ।

(२) वर्णशङ्कर बीउ उत्पादन तथा प्रमाणीकरण मापदण्ड, २०७७ बमोजिम गरिएका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।

(३) समितिले आवश्यकता अनुसार मापदण्डमा संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची - १

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**प्रजनन वा मूल/स्रोत बीउको माग सङ्कलन फारम**

बाली : .................

| क्र.सं. | बीउको माग गर्ने संस्थाको नाम र ठेगाना | | जात : | | | जात : | | | | आफूले चाहेको आपूर्तिको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बीउको स्तर | पोथी (केजी) | भाले (केजी) | प्रयोजन | बीउको स्तर | पोथी (केजी ) | भाले (केजी) | प्रयोजन | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**नोट :**

बीउको स्तरमा प्रजनन वा मूल वा स्रोत हो खुलाउने ।

प्रयोजनमा उक्त बीउ मूल वा स्रोत वा उन्नत (वर्णशङ्कर) मध्य कुन बीउ उत्पादनमा प्रयोग गर्ने हो खुलाउने।

बीउको माग विवरण वास्तविक आवश्यकताको आधारमा पठाउने ।

**बीउ मागकर्ताको**

नाम :

पद :

सही :

ठेगाना :

अनुमतिपत्र नं :

सम्पर्क नम्बर :

ईमेल :

संस्थाको छाप :

~~सचिव~~
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची -२

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### प्रजनन तथा मूल/स्रोत बीउको आपूर्ति विवरण फारम

बाली : ..................

| क्र.सं. | बीउ आपूर्ति गर्ने संस्थाको नाम र ठेगाना | | जात : | | जात : | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | बीउको स्तर | पोथी (केजी ) | भाले (केजी) | बीउको स्तर | पोथी (केजी ) | भाले (केजी) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :** बीउको स्तरमा प्रजनन वा मूल वा स्रोत हो खुलाउने ।बीउ उत्पादन पश्चात परीक्षण र प्रमाणीकरण भएको आपूर्ति गर्नसक्ने बीउको परिमाण मात्र केन्द्रमा सम्प्रेषण गर्ने ।

बीउ मागकर्ताको

नाम :

पद :

सही :

ठेगाना :

अनुमतिपत्र नं. :

सम्पर्क नम्बर :

इमेल :

कार्यालयको छाप :

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

अनुसूची -३

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

**प्रजनन वा मूल/स्रोत बीउको वासलात**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

आ.व. :

बाली :

| क्र.सं. | मागकर्ता संस्थाको नाम | मागकर्ता संस्थाको अनुमतिपत्र नं | माग विवरण | | | | आपूर्तिकर्ता संस्थाको नाम तथा ठेगाना | आपूर्ति विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जात | भाले (केजी) | पोथी (केजी) | प्रयोजन | | भाले (केजी) | पोथी (केजी) | भाले (केजी) | पोथी (केजी) |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

<u>प्रमाणित गर्ने</u>

हस्ताक्षर :

नाम :

दर्जा :

संस्था :

ठेगाना :

फोन नं./इमेल :

संस्थाको छाप:

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची-४

(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

### बीउ उत्पादन तथा आपूर्ति करारनामापत्र

हामी .................................... यसपछि पहिलो पक्ष भनिने र ........................ यसपछि दोस्रो पक्ष भनिने बीच समितिबाट उन्मोचन / पञ्जीकरण भएको ........... बालीको .................................. वर्णशङ्कर जातको पैत्रिक लाइन (प्रजनन् वा मूल वा स्रोत बीउ) बीउ वृद्धि वा वर्णशङ्कर बीउ उत्पादन प्रयोजनका लागि एक आपसमा मञ्जुरी भई प्रमाणीकरण उल्लेख भएअनुसार दुबै पक्षले न्यूनतम मापदण्ड तथा तपसिलका शर्त र विवरणहरू पूरा गर्ने गरी यो करारनामा गरी दियौं लियौं ।

विवरण

१. बालीको नाम र जात :
२. पैत्रिक लाइनको नाम : २.१ पोथी :......................२.२ भाले :....................२.३ अन्य :....................
३. प्राप्त गरेको बीउको स्तर :
४. प्राप्त गरेको बीउ परिमाण : पोथी :......................२.२ भाले :.....................
५. बीउ वृद्धि वा वर्णशङ्कर बीउ उत्पादन गर्ने स्थान :

शर्त तथा विवरण :

१. वर्णशङ्कर जातका पैत्रिक लाइनहरूको गोपनियता कायम गर्ने जिम्मेवारी जात विकास गर्ने निकायको हुनेछ।
२. बीउ उत्पादकले जात विकास गर्ने निकायको विशेष अनुमति बिना पैत्रिक लाइनहरूको बीउ कुनै पनि व्यक्ति, निकाय तथा संस्थालाई निकासी, हस्तान्तरण वा साटासाट र बिक्री-वितरण एवम् कुनै पनि किसिमको सूचना, जानकारी वा प्रतिवेदन सार्वजनिक गर्ने छैन ।
३. पैत्रिक लाइनको बीउ वृद्धि वा बीउ उत्पादन गर्दा यस मापदण्डको व्यवस्था बमोजिम सम्पूर्ण प्रकिया पूरा गर्नेछु।
४. उत्पादन भएको पैत्रिक लाइन वासलात निर्माण प्रयोजनका लागि अनिवार्य रूपमा आपूर्ति गर्नेछु ।
५. प्रमाणीकरण पद्धतिमा अनिवार्य रूपमा प्रमाणीकरण निकाय वा सो निकायले तोकेको ऐनको दफा १६.१ तथा नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमका निरीक्षकबाट प्रमाणीकरण गराउनेछु ।
६. यथार्थसङ्केतपत्र पद्धति अपनाउदा ऐनको दफा १६ र नियमावलीको नियम २८ बमोजिमका निरीक्षकबाट निरीक्षण गराउनेछु ।
७. यथार्थसङ्केतपत्र पद्धतिबाट पैत्रिक लाइनको बीउ उत्पादन गर्दा नियमावलीको नियम १३ को उपनियम (४) बमोजिम बीउ उत्पादनको प्राविधिक परीक्षण गराउनेछु ।
८. वर्णशङ्कर बीउ उत्पादन गर्दा नियम १३ मा उल्लेख भएको गुणस्तर नियन्त्रण पद्धति अपनाउनेछु ।
९. ऐन तथा नियमावलीमा प्रावाधानमा पूर्ण प्रतिबद्ध रहँदै सोको कार्यन्वयन गर्न सहमत छु/छौं ।
१०. यदि कुनै बीउ उत्पादकले प्रचलित ऐन नियमका प्रावधानहरू विपरितको कार्य गरेमा ऐन र नियमानुसारको कारवाही हुनेछ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम र दर्ता : | नाम र दर्ता : |
| संस्थाको नाम र ठेगाना : | संस्थाको नाम र ठेगाना : |
| सम्पर्क फोन नं. र ईमेल : | सम्पर्क फोन नं. र ईमेल : |
| संस्थाको छाप : | संस्थाको छाप : |

...नु प्रसाद प्रसाई
सदस्य सचिव
... बिजन समिति

सचिव
...न्द्र प्रसाद मिश्र
... समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

# अनुसूची -५

(दफा ८ को उपदफा (१) को खण्ड (ख) सँग  सम्बन्धित)

## प्रजनन् बीउ प्रमाणीकरण

| क्र.सं. | उत्पादन स्थल | बाली | जात | बीउको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लट नं. | परिमाण | राखिएको भाँडो र संख्या | गुणस्तर सम्बन्धी विवरण | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

-------------

नामः

बाली प्रजनक

.........................................................

नाम :

अनुसन्धान गर्ने निकाय

प्रमुख/प्रतिनिधि

..........................................

नाम :

प्रतिनिधि, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र/बीउ बिजन प्रयोगशाला

स्थान :

मिति :

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची-६

(दफा ८ तथा ९ सँग सम्बन्धित)

**प्रमाणीकरण पद्धति तथा यथार्थ सङ्केतपत्र पद्धतिमा विभिन्न स्तरका बीउ बिजनमा लगाइने ट्यागको ढाँचा र विवरण**

१. **आकार : ट्यागको लम्बाइ** : १३.५से.मी. र चौडाइ : ८.५से.मी. हुनेछ ।

२. **ट्याग बनाउने सामग्री** : कुनै मैन लगाएको कागज, प्लाष्टिक लगाएको कागज वा कपडा लगाएको कागजको बलियो टिकाउ सामग्रीले बनेको।

३. **रङ र विवरण : (१) प्रजनन बीउ** : काठ रङको खैरो पृष्ठभूमिमा कालो अक्षरले नमूनामा दिइएअनुसारको विवरण लेखिएको ।

**पैत्रिक लाईन प्रजनन बीउ**

बाली ...............

ट्यागनं :
जात : ...................

लटनं : ............................
सिफारीस गरिएको क्षेत्र: ............................

उत्पादन वर्ष: ........................
बीउ परीक्षण मिति :

**बीउको गुणस्तर**

शुद्ध बीउ % : ......................
उमारशक्ति % : .............

चिस्यान %: ............
बीउको तौल : ............

**बीउको उपचार गरेको भए बिषादीको नाम र दर** ..............................................

**बीउ उत्पादन गर्ने वा निस्सा लगाउने संस्थाको**

संस्थाको छाप

संस्थाको नाम :
संस्थाको ठेगाना:
प्रजनकको नाम:
प्रजनकको पद:
प्रजनकको हस्ताक्षर:
मिति:

सुरक्षितसाथ भण्डारण गरेमा यो बीउ प्रमाणीकरणको म्याद परीक्षण गरेको मितिबाट खाद्यान्न बालीको तथा अन्य बालीको हकमा ६ महिनासम्म र तरकारी बालीको हकमा १ वर्ष रहनेछ | बीउको पुनः परीक्षण गर्दा गुणस्तर उपयुक्त पाइएमा पुनः खाद्यान्न बालीको तथा अन्य बालीको ६ महिनासम्म र तरकारी बालीको हकमा १ वर्षसम्म म्याद थप गर्न सकिनेछ|

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

(२) मूल बीउ : सेतो पृष्ठभूमिमा कालो अक्षरले नमूनामा दिइएअनुसारको विवरण लेखिएको।

**पैत्रिक लाईन मूल बीउ**
**बाली ..............**

| | |
|---|---|
| ट्याग नं. : | जात : |
| लट नं. : ........................ | सिफारिस गरिएको क्षेत्र: ........................................... |
| उत्पादन वर्ष : ...................... | बीउ परीक्षण मिति:........................................ |

**बीउको गुणस्तर**

| | | |
|---|---|---|
| शुद्ध बीउ % : .................. | उमारशक्ति % : .......... | चिस्यान % : .......... |
| अन्य बालीको बीउ प्रति केजी : .......... | पहिचानमा आउन सक्ने बेजातको बीउ/ केजीमा (बढीमा) : ................... | |
| झारपातको बीउ प्रति केजी (बढीमा) : ................... | बीउको तौल : ........... | |

**बीउको उपचार गरेको भए विषादीको नाम र दर ..............................**

| | | |
|---|---|---|
| **बीउउत्पादन गर्नेको नाम** | **प्रमाणीकरण गर्नेको निरीक्षकको** | **नेपाल सरकार** |
| नाम: | हस्ताक्षर: | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** |
| ठेगाना : | नाम: | **बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र** |
| छाप वा लोगो : | अनुमति नं : | **हरिहरभवन ललितपुर** |
| | निकायको नाम : | |

सुरक्षितसाथ भण्डारण गरेमा यो बीउ प्रमाणीकरणको म्याद परीक्षण गरेको मितिबाट खाद्यान्न बालीको तथा अन्य बालीको हकमा ६ महिनासम्म र तरकारी बालीको हकमा १ वर्ष रहनेछ। बीउको पुनः परीक्षण गर्दा गुणस्तर उपयुक्त पाइएमा पुनः खाद्यान्न बालीको तथा अन्य बालीको ६ महिनासम्म र तरकारी बालीको हकमा १ वर्षसम्म म्याद थप गर्न सकिनेछ।

३) **स्रोत बीउ** : सेतो पृष्ठभूमिमा कालो अक्षरले नमूनामा दिइएअनुसारको विवरण लेखिएको।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

पैत्रिक लाईन स्रोत बीउ

बाली .............

टयाग नं : जात :

लट नं : .................................. सिफारीस गरिएको क्षेत्र:

उत्पादन वर्ष: .............................. बीउ परीक्षण मिति :

बीउको गुणस्तर

शुद्ध बीउ %: ...................... उमारशक्ति % : ............ चिस्यान %: ...........

अन्य बालीको बीउ प्रति केजी : .......................... पहिचानमा आउन सक्ने बेजातको बीउ / केजीमा (बढीमा ): ..................................

झारपातको बीउ प्रति केजी (बढीमा ): ........................... बीउको तौल : ..............

बीउको उपचार गरेको भए विषादीको नाम र दर ................................

छाप वा लोगो :

बीउ उत्पादन गर्नेको नाम
नाम:
ठेगना :

बीउ प्रमाणीकरण गर्ने प्राविधिकको
हस्ताक्षर:
नाम:

सुरक्षितसाथ भण्डारण गरेमा यो बीउ प्रमाणीकरणको म्याद परीक्षण गरेको मितिबाट खाद्यान्न बालीको तथा अन्य बालीको हकमा ६ महिनासम्म र तरकारी बालीको हकमा १ वर्ष रहनेछ । बीउको पुनः परीक्षण गर्दा गुणस्तर उपयुक्त पाइएमा पुनः खाद्यान्न बालीको तथा अन्य बालीको ६ महिनासम्म र तरकारी बालीको हकमा १ वर्षसम्म म्याद थप गर्न सकिनेछ ।

४) वर्णशङ्कर बीउ : पहेंलो पृष्ठभूमिमा कालो अक्षरले नमूनामा दिइएअनुसारको विवरण लेखिएको ।

वर्णशङ्कर बीउ

बाली .............

टयाग नं : .................. जात :

लट नं : .................................... सिफारिस गरिएको क्षेत्र :

उत्पादन वर्ष : .............................. बीउ परीक्षण मिति :

बीउको गुणस्तर

शुद्ध बीउ % : ....................... उमारशक्ति % : ............ चिस्यान % : ........... बीउको तौल (ग्राम) : ..............

बीउको उपचार गरेको भए विषादीको नाम र दर ....................................................

उत्पादक संस्थाको छाप

बीउ उत्पादन गर्ने संस्थाको
नाम :
ठेगना :

प्रमाणित गर्ने प्राविधिकको
हस्ताक्षर :
नाम :

सुरक्षितसाथ भण्डारण गरेमा यो बीउ प्रमाणीकरणको म्याद परीक्षण गरेको मितिबाट खाद्यान्न बालीको तथा अन्य बालीको हकमा ६ महिनासम्म र तरकारी बालीको हकमा १ वर्ष रहनेछ । बीउको पुनः परीक्षण गर्दा गुणस्तर उपयुक्त पाइएमा पुनः खाद्यान्न बालीको तथा अन्य बालीको ६ महिनासम्म र तरकारी बालीको हकमा १ ववर्षसम्म म्याद थप गर्न सकिनेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
बीउ विजन समिति

सचिव
राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बीउ विजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची -७

(दफा ८ तथा दफा (१४) को उपदफा (२) सँग सम्बन्धित)

## खेत स्तर तथा बीउ स्तरका मापदण्ड

**वर्णशङ्कर धान बालीको स्तर :**

नेपालमा वर्णशङ्कर धान बालीका बीउका स्तरहरू देहाय बमोजिम हुनेछ ।

| बीउका स्तरहरू | वर्णशङ्कर बीउको तीन लाइन विधि |
|---|---|
| प्रजनन् बीउ | A, B, R |
| मूल बीउ | A X B, R |
| उन्नत (वर्णशङ्कर) बीउ | A x R |

**१. प्रजनन बीउ उत्पादन**

**(१) जमिनको आवश्यकता :** अवाञ्छित बिरुवाहरू नभएको जमिन साथै हरेक तीन वर्षमा जमिन फेर्नु पर्नेछ।

**(२) बीउ बाली खेत निरीक्षणः** बीउ बालीको निरीक्षण कम्तिमा दुई पटक निम्न अवस्थामा गरिनेछ।

(क) पहिलो बाली निरीक्षण फूल फुल्ने अवस्थामा गरिनेछ।

(ख) दोस्रो निरीक्षण बाली पाक्ने अवस्थादेखि कटानी पूर्व गरिनेछ ।

**(३) खेत स्तरका मापदण्डः** खेतमा खडा बालीको न्यूनतम स्तर देहाय बमोजिम हुनु पर्नेछ ।

(क) पृथकता दूरी

| विवरण | प्रजनन बीउका लागि कम्तिमा पृथकता दूरी (मिटर) |
|---|---|
| बीउ उत्पादन गरिने खेतदेखि धान बालीको अन्य जात वा जातीय शुद्धता नभएको उही जात लगाइएको खेतसम्मको दूरी | ३ |

फूल फुल्ने समयमा फेरबदल गरी धान बालीको पृथकता कायम गर्न सकिनेछ ।

**(ख) विशेष आवश्यकता**

| विवरण | अधिकतम प्रतिशत प्रजनन बीउ # |
|---|---|
| ##बेजातको बोट/बिरुवा | ०.०२ |
| ###निषेधित झारपात | ०.०२ |
| निषेधित रोग (घाँटी मरुवा) | नभएको |
| अन्य रोग भएका बोट/बिरुवा | ०.०२ |

#फूल फुल्ने अवस्थामा गरिएको कुनै पनि निरीक्षणमा अधिकतम प्रतिशत

##अवाञ्छित बोट/बिरुवा

###निषेधित झारपात : जङ्गली धान (Wild rice) (Oryza sativa L. var. fatua Prain (Syn. O. sativa L. f. spontanea Rosch.) लाई मानिन्छ।

...प्रसाद ...राई
...सचिव
...समिति

सचिव
...राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
...बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(२) बीउ स्तरका मापदण्ड

| विवरण | परिमाण |
|---|---|
| भौतिक शुद्धता न्यूनतम (प्रतिशत) | ९८ |
| निष्क्रिय पदार्थ अधिकतम् (प्रतिशत) | २.० |
| भुस नभएको बीउ अधिकतम् (दाना प्रति केजीमा) | २ |
| अन्य बालीका बीउ अधिकतम् (दाना प्रति केजीमा) | ५ |
| छुट्याउन सकिने अन्य जातको बीउ अधिकतम् (दाना प्रति केजीमा) | ५ |
| निषेधित झारपातको बीउ अधिकतम् (दाना प्रति केजीमा) | २ |
| उमारशक्ति न्यूनतम (प्रतिशत) | ८० |
| साधारण भाँडोमा राख्दा चिस्यान अधिकतम् (प्रतिशत) | १३ |
| चिस्यान नछिर्ने भाँडोमा राख्दा चिस्यान अधिकतम् (प्रतिशत) | ८ |

२. मूल वा उन्नत (वर्णशङ्कर) धान :

(१) बीउ उत्पादन तरिका: (क) नेपालमा तीन लाइन विधिबाट तल चित्रमा उल्लेख भएअनुसार बीउ उत्पादन गरिनेछ।




(ख) 'ए' लाइन द्रब्यकोष भाले नपुंसक लाइन माउ जात हुनु पर्नेछ जसले मृत परागकण निकाल्छ, जसलाई वर्णशङ्कर बीउको आमा बोटको रूपमा प्रयोग गरिन्छ। भगिनी लाइन (सिस्टर) 'बि' लाइनलाई परागसेचक तथा संरक्षक लाइनको रूपमा प्रयोग गरिन्छ। 'ए'X'बि' को सन्तान 'ए' लाइन हुनुपर्छ जुन बीउ वृद्धिका लागि प्रयोग गरिन्छ। यो पैत्रिक लाइन मूल बीउ स्तरको - मानिनेछ। 'आर' लाइनलाई वर्णशङ्कर जातको बाउ बोटको रूपमा प्रयोग गरिनेछ। प्रारम्भमा 'ए', 'बि' र 'आर' लाइनहरूको बीउ पैत्रिक लाइन प्रजनन् स्तरको मानिनेछ - तर 'ए' X' आर' को सन्तानको रूपमा विकास गरिएको 'ए' लाइनलाई पैत्रिक लाइन मूल बीउ -स्तरको मानिनेछ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
बिजन समिति

सचिव
राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(२) **वर्णशङ्कर बीउको स्तर**: 'ए' X 'आर' को सन्तानलाई वर्णशङ्कर बीउको स्तर मानिनेछ। बीउ प्रमाणीकरण पद्धति र यथार्थ सङ्केतपत्र पद्धति दुवै वर्णशङ्कर $F_1$ बीउ हुनेछन ।

(३) **जमिनको आवश्यकता**: अवाञ्छित बिरुवाहरू नभएको जमिनको साथै हरेक तीन वर्षमा जमिन फेर्नु पर्नेछ।

(४) **बीउ बाली खेत निरीक्षण**: बीउ बालीको निरीक्षण कम्तिमा तीन पटक निम्न अवस्थामा गरिनेछ।

